# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ५ प्रकाशित मितिः २०७९/१०/१०

### भाग–२

# उपभोक्ता समिति तथा संस्था (दर्ता तथा परिचालन) कार्यविधि, २०७९

प्रस्तावना:स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा गाउँपालिका कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी उपभोक्ता समिति तथा संस्था दर्ता तथा परिचालन लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७" को दफा (४) बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

# परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१)यो कार्यविधिको नाम "उपभोक्ता समिति तथा संस्था (दर्ता तथा परिचालन) कार्यविधि,२०७९"रहेको छ।

(२)यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)"कार्यालय" भन्नाले गाउँपालिकाको लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ख) " उपभोक्ता समिति तथा संस्था " भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपसस्थितिमा विकास निर्माण, सेवा प्रवाह र समाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई गाउँपालिका कार्यालयमा दर्ता भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका समन्वय समिति" दफा (२३) बमोजिमको समितिलाई सम्झनुपर्छ।

(घ) "वडा समन्वय समिति" दफा (२४) बमोजिमको समितिलाई सम्झनुपर्छ।

(ङ) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनुपर्छ ।

(च) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(छ)"गाउँपालिका" भन्नाले लिखु तामाकोशी गाउँपालिकालाई सम्झनुपर्छ।

(ज) "वडा" भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्छ।

(झ) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ट) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(ठ) "संस्था" भन्नाले उपभोक्ता समिति तथा संस्थालाई सम्झनुपर्छ ।

(ड) "वडा सचिव" भन्नाले वडा कार्यलयको सचिवलाई बुझ्नुपर्छ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नुपर्छ।

## परिच्छेद- २

## उपभोक्ता समिति तथा संस्थाको गठन तथा दर्ता सम्बन्धी व्यवस्था

३. संस्थाको गठन:(१) गाउँपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी उपभोक्ता समिति तथा संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सदस्यहरु (तीन देखि नौ जना सम्म)

(३) उपदफा (२) बमोजिम उपभोक्ता समिति तथा संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्य समितिको पुनर्गठन हुनेछ।

(५)कार्य समितिको कार्यावधि गठन भएको मितिले तीन वर्षको हुनेछ ।

(६)अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७)कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८)संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९)उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई उपभोक्ता समिति तथा संस्था गठन गर्नुपर्ने छ।

(१०)यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्य समितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११)संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१२)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी उपभोक्ता समिति तथा संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एक भन्दा बढी उपभोक्ता समिति तथा संस्थाको सदस्य बन्न पाउने छैन।

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:**(१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

## ५. संस्था दर्ता :

**१)** संस्थाको दर्ता देहाय बमोजिम हुनेछ :-:

क) सामुहिक लाभका लागि संस्थागत रुपमा गठन भई वस्तु तथा सेवाको उपयोग गर्न चाहाने व्यक्तिहरुले पदाधिकारी( भाईटकल पोष्टमा १ जना महिला रहने) तथा सदस्य समेत गरी कम्तीमा सात(३३ % महिला अनिवार्य) भएको उपभोक्ता समिति तथा संस्था गठन गर्न सक्नेछन।

ख) उपदफा(१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता समिति तथा संस्थाको एक प्रति विधान र पाँच सय रुपैया दस्तुर सहित गाउँपालिकाको संस्था दर्ता शाखा समक्ष दरखास्त दिनु पर्नेछ।

ग) उपभोक्ता समिति तथा संस्थाको विधान अनिवार्य हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण–पत्र दिनेछ।

(३)  कुनै संस्था दर्ता प्रमुख प्रशासकीय अधिकृतले नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीलेआवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने आदेश दिन प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।साथै उल्लेखित प्रकृया अपनाउनु पर्नेछ।

(५) विधानमा खुलाउनु पर्ने विवरणहरुः दफा १(च) बमोजिम पेश गर्नु पर्ने उपभोक्ता समिति तथा संस्थाको विधानमा संस्था सम्बन्धि देहायका विवरणहरु खुलाउनु पर्नेछ।

क)  पुरा नाम र ठेगाना

ख) उद्देश्य तथा कार्यक्षेत्र,

ग) सदस्यको योग्यता र सदस्यता शुल्क

घ) सदस्यहरुको निष्काशन र राजिनामा,

ङ) हक दावी, नामसारी वा हकवालाको मनोनयन

च) साधारण सभा सम्बन्धी

छ) सञ्चालक समितिको गठन( निर्वाचन एंव काम,कर्तव्य र अधिकार)

ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था

झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

ञ) कोष र लेखापरीक्षण

ट) विधान संशोधन

ठ) निर्माण समिति/उप-समितिको व्यवस्था

ड) विघटन,

ढ) विविध

(क) उपभोक्ता समिति तथा संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था दर्ताका लागि गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाको कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था दर्ता गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम दर्ताको लागि प्राप्त भएको उपभोकता समिति तथा संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी दर्ताको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) गाउँपालिकाको कार्यालयले यस दफा बमोजिम संस्था दर्ता गरेको विवरण त्रैमासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश पर्नेछ।

## **६.संगठित संस्था मानिने**

१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

## **परिच्छेद-३**
## **उपभोक्ता समिति तथा संस्थाको काम कर्तव्य,अधिकारहरु**

**७)उपभोक्ता समिति तथा संस्थाका कार्यहरु**:(१) उपभोक्ता समिति तथा संस्थाहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) गाउँ तथा टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) गाउँ तथा टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) गाउँ तथा टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा,सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) गाउँ तथा टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) गाउँ तथा टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर,सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) गाउँ तथा टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) गाउँ तथा टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म,बिबाह,बसाई सराई,सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि गाउँ तथा टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) गाउँ तथा टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने।

(द) गाउँ तथा टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) गाउँ तथा टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरुअन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) गाउँ तथा टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) गाउँ तथा टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने।

(म) गाउँ तथा टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोल तथा समुदायलाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र गाउँपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(र) वडा कार्यालय, गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## उपभोक्ता समिति तथा संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**८) उपभोक्ता समिति तथा संस्थाको कार्य समितिको बैठक:**(१)उपभोक्ता समिति तथा संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क)कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्कता अनुसार बस्नेछ ।

(ख)समितिको बैठकमा वडा समिति तथा गाउँपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन्।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

**९) उपभोक्ता समिति तथा संस्थाको कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:-** संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क)संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) **उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) **सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) **सदस्यहरुको काम,कर्तव्य र अधिकार**

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिवर कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## <u>परिच्छेद-५</u>
## <u>आर्थिक व्यवस्थापन</u>

<u>१०)</u> **<u>संस्थाको आम्दानी</u>**:(१) उपभोक्ता समिति तथा संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) उपभोक्ता समिति तथा संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) उपभोक्ता समिति तथा संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ।

<u>११)</u> **<u>उपभोक्ता समिति तथा संस्थाको खर्चः</u>** संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

**१२) <u>उपभोक्ता समिति तथा संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः</u>**

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल तथा समुदाय भेलामा पेश गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(७) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

<u>१३)</u> **<u>जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग र वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) उपभोक्ता समिति तथा संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

<u>१४)</u> **उपभोक्ता समिति/ संस्थाको सम्पत्तिः**

१) उपभोक्ता समिति/ संस्थाको सम्पत्तिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा

रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई उपभोक्ता समिति/ संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ।

२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति/ संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेंछ,

३) उपभोक्ता समिति/ संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले उपभोक्ता समिति/संस्थाको कुनै सम्पत्ति, लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा उपभोक्ता समिति/संस्था वा उपभोक्ता समिति/संस्थाको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारबाही चलाउन सक्नेछ।

**<u>१५)</u> उपभोक्ता समिति/संस्थाको उद्देश्यहरुमा हेरफेरः**

(१) उपभोक्ता समिति/संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो उपभोक्ता समिति/संस्थालाई कुनै अर्को उपभोक्ता समिति/संस्थामा गाभ्न उचित देखेमा सो उपभोक्ता समिति/संस्थाले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न उपभोक्ता समिति/संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्दछ।

<u>१६)</u> **उपभोक्ता समिति/संस्थाको वर्गीकरणः** अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका विभिन्न उपभोक्ता समितिहरुको व्यवस्थापनबाट टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न विविध वस्तु तथा सेवा उपलब्ध गराउने उपभोक्ता समिति सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समिति/संस्थाको वर्गीकरण हुनेछ।

१. ५० जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग);२० लाख भन्दा माथिको आर्थिक स्रोतको परिचालन गर्न पाउने।

२. ३० देखि ४० जना उपभोक्ता सदस्य भएको ( ख वर्ग) ; ५ लाख भन्दा माथि २० लाख सम्मको आर्थिक स्रोतको परिचालन गर्न पाउने।

३. २५ जना सम्म उपभोक्ता सदस्य भएको ( ग वर्ग) ; ५ लाख भन्दा मुनिको आर्थिक स्रोतको परिचालन गर्न पाउने।

१७) **आयव्य विवरण पठाउनु पर्नेः** उपभोक्ता समिति तथा संस्थाले आफ्नो समिति/संस्थाको आयव्यय लेखापरिक्षणको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ।

**१८) आयव्यय विवरण जाँच गर्नेः**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको आयव्यय विवरण आफुले नियक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

**(२)** उपदफा (१) बमोजिम आयव्यय विवरण जाँच गराए बापत गाउँपालिकाले आयव्यय विवरण जाँचबाट देखिन आएको मौज्दात रकमको सय कडा पच्चिस पैशामा नबढाई कार्यालयले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

**(३)** आयव्यय विवरण जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी,सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

**(४)** आयव्यय विवरण जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र आयव्यय विवरण जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुने पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाइएमा गाउँपालिकाले त्यस्तो पदाधिकारी,सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ।तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ।

१९) **निर्देशन दिनेः** गाउँपालिकाले उपभोक्ता समिति/संस्था तथा संघठित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति/संस्थाको कर्तव्य हुनेछ।

२०) दण्ड सजायः

(१) दफा ७ बमोजिम दर्ता नगराई उपभोक्ता समिति/संस्थाका सदस्यहरुलाई गाउँपालिकाले जनही ५ हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

(२) दफा १७ बमोजिम हिसावको विवरण नपठाएमा उपभोक्ता समिति/संस्थाका सदस्यहरुलाई गाउँपालिकाले जनही १ हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ। तर, कुनै सदस्यले दफा (१३) उल्लघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गरेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १८ को उपदफा (३) बमोजिम आयव्यय विवरण जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजात वा सोधेको पश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी,सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा (१५) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई उपभोक्ता समिति/संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेजी प्रकृयाको लागि गाउँ समन्वय समितिमा पेश गर्न सक्नेछ।

२१) **पुनरावेदनः** दफा (२३) बमोजिम गाउँ समन्वय समितिले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

२२) **उपभोक्ता समिति/संस्थाको विघटन वा त्यसको परिणामः**

(१) उपभोक्ता समिति/संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो उपभोक्ता समिति/संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको उपभोक्ता समिति/संस्थाको दायित्वको हकमा सो उपभोक्ता समिति/संस्थाको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्य गाउँपालिकाले व्यहोर्नेछ।

(३)

## परिच्छेद–६
## विविध

२३) गाउँपालिका समन्वय समितिः (१) उपभोक्ता समिति तथा संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न गाउँपालिका स्तरमा देहाय बमोजिमको समन्वय समिति रहनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक
(ख) वडा अध्यक्ष बाहेक गाउँ कार्यपालिकाका सदस्यहरु -सदस्य
(ग) उपभोक्ता समिति तथा संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका २ जना -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

२४) वडा समन्वय समितिः (१) उपभोक्ता समिति तथा संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्नमा सघाउ पुराउन हरेक वडामा देहाय बमोजिमको समन्वय समिति रहनेछ :-

(ङ) वडाध्यक्ष -संयोजक
(च) वडा समितिका सदस्यहरु -सदस्य
(छ) उपभोक्ता समिति तथा संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका २ जना -सदस्य
(ज) वडा सचिव -सदस्य सचिव

२५) विविधः

१) दफा (२३) र (२४) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट दुई जना मनोनयन गर्नु पर्नेछ।
२) दफा (२३) र (२४) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।
३) दफा (२३) र (२४) बमोजिमको समितिले गाउँपालिका र वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।
४) दफा २४ बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन गाउँपालिका समन्वय समितिमा र गाउँपालिका समन्वय समितिले गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

२६) **बाधा अडकाउ फुकाउन सक्ने:**यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

२७) **कार्य समिति भङ्ग गर्न सक्ने:** सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्य समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्य समिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

२८) **कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:**(१) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ।

# अनुसूची-१

## उपभोक्ता समिति तथा संस्था दर्ता गर्ने निवेदनको नमुना

मितिः .....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गाउँपालिकाको कार्यालय
धोबी बजार,रामेछाप ।

विषयः उपभोक्ता समिति तथा संस्था दर्ता गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा यस लिखु तामाकोशी गाउँपालिका को वडा नं ...... स्थित ..............................................................टोल तथा समुदायमा गठन तथा स्थापना गरिएको ........................................................................ उपभोक्ता समिति तथा संस्था दर्तालाई .....................................दर्ता गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस .................................. उपभोक्ता समिति तथा संस्था दर्ता को क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

<u>संलग्नः</u>

टोल भेलाको उपस्थिति र निर्णय।
उपभोक्ता सदस्य संख्या..............।
उपभोक्ता समिति तथा संस्थाको विधान एक प्रति
कार्य समितिका सदस्यहरुको नाम थर।

पूर्व सिमानाः ..................................
पश्चिम सिमानाः ..............................
उत्तर सिमानाः ...............................
दक्षिण सिमानाः ..............................
हालका जम्मा घरधुरीः

निवेदक

समितिको तर्फबाट
अध्यक्षको नामः ...................................
उपभोक्ता समिति तथा संस्था नामः..............
ठेगानाः.........................

लिखु तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोबी बजार,रामेछाप

# उपभोक्ता समिति तथा संस्था दर्ता प्रमाण-पत्र

**दर्ता नं.** **दर्ता मितिः**

लिखु तामाकोशी गाउँपालिका वडा नं......... मा रहेको ................................. उपभोक्ता समिति तथा ........................ संस्थालाई गाउँपलिकाको उपभोक्तासमिति तथा संस्था(दर्ता तथा परिचालन) कार्यविधि २०७८ को दफा ५ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको बैठक संख्या..... मिति...... को निर्णय नं....... बमोजिम यस कार्यालयमा दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको छ। गाउँपालिकाको निर्देशन तथा उक्त कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नु होला। संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं......... रहनेछ। साथै प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तसम्म उपभोक्ता समिति तथा संस्था नविकरण गर्नुहुन समेत जानकारी गराईन्छ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस उपभोक्ता समिति तथा संस्थाको सक्रीय सहभागिताको अपेक्षा गर्दछु ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७९/१०/१० गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(विनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७९/१०/१०